# दंगीशरण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हेकुली, दाङ
लुम्बिनी प्रदेश, नेपाल

प.सं. :- ०७७।०७८ मिति :२०७७।०८।२९
च. नं.

**भवनको नक्सा डिजाईन/ड्रइङ्ग तयार गर्ने परामर्शदाता सूचीकृत हुन आउने सम्बन्धी अत्यन्त जरुरी सूचना**

(प्रथम पटक प्रकाशित मिति २०७७।०८।२९)

यस दंगीशरण गाउँपालिका भित्र निर्माण हुने तथा अभिलेखिकरण हुने घरहरुको नक्सा डिजाईन /ड्रईङ्ग तयार गरी नक्सापास गर्ने प्रयोजनका लागि परामर्श सेवा प्रदान गर्न ईच्छुक परामर्शदाता फर्महरु ( Consultancy) गाउँपालिकाबाट जारी दंगीशरण गाउँपालिकाको भवन निर्माण अनुमति तथा ईजाजत सम्बन्धी कार्यविधी , २०७७ अनुसार सूचिकृत हुनका लागि यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र तोकिएको कागजात संलग्न गरी, निवेदन सहित सूचिकृत हुन आउन अह्वान गरीन्छ ।

१. आवश्यक कागजात

क) फर्मदर्ताको प्रमाण-पत्रको प्रतिलिपी -१ प्रति
ख) स्थायी लेखा नं. र मुल्य अभिबृद्धि कर दर्ताको प्रमाण-पत्रको प्रतिलीपी-१ प्रति
ग) व्यावसायिक ईजाजत पत्रको प्रमाणित प्रतिलिपी-१ प्रति
घ) कालो सूचीमा नरहेको स्वःघोषणा-१ प्रति
ङ) नेपाल ईन्जिनियरिङ्ग परिषद दर्ता प्रमाण-पत्र र शैक्षिक प्रमाण पत्रको प्रतिलिपी (कार्यरत प्रमुख ईन्जिनियरको दर्ता प्रमाण-पत्रको प्रतिलिपी-१ प्रति

२. म्याद नाघेर आएका निबेदन दर्ता हुने छैन । रितपुर्वक आएका निवेदन उपर छानविन गरी सूची प्रकाशन भएपछि तोकिएको धरौटी तथा दर्ता शुल्क तिरी सूचिकृत गरिने छ ।

३) सूचिकृत परामर्शदाता फर्महरु (Consultancy) ले परामर्शसेवा गरेवापत लिन पाउने सेवाशुल्क कर बाहेक दंगीशरण गाउँपालिकाको भवन निर्माण अनुमति तथा ईजाजत सम्बन्धी कार्यविधी , २०७७ अंनुसार हुनेछ ।

४) अन्य व्यवस्था भवन निर्माण अनुमति तथा ईजाजत सम्बन्धी कार्यविधी , २०७७ अनुसार तथा प्रचलित नियमानुसार हुने छ ।

.................................
(प्रमुख प्रशासकीय अधिकृत)